# पुतलीबजार नगरपालिका स्याङ्जा

## लैंगिक हिँसा निवारण कोष (संचलान) कार्यविधि, २०७७

## स्थानीय राजपत्र

खण्ड :४ संख्या:१० मिति:२०७७/०९/२८

भाग ३

# लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

**प्रस्तावना :** समाजमा बढ्दै गईरहेको लैंगिक हिंसा निवारणका लागि कोष स्थापना गर्न वाञ्छनिय देखियकाले लैंगिक हिंसा निवारण कोष संचालन (दोस्रो संशोधन) नियामावली २०७६ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २ साथै प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पुतलीबजार नगरपिलकाले यो कोष सञ्चालन सम्बन्धि कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम " लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७ रहेको छ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) " कार्यालय" भन्नाले पुतलीबजार नगरपालीका नगरकार्यपालीका कार्यालय सम्झनु पर्दछ ।

(ख) " कोष " भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

(ग) " पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(घ) " लैङ्गिक हिंसा " भन्नाले कार्यस्थल सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायतका लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्दछ ।

**३. कोषको स्थापनाः** (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्

(क) पुतलीबजार नगरपालीका बाट प्राप्त रकम

(ख) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,

(घ) संघ वा प्रदेश सरकारबाट हस्तान्तरित रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

**४. कोषमा रकम जम्मा गर्ने :** लैगिक हिसा पिडित व्यक्तिको संरक्षणका लागि **नगरपालीकाले** वार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना का लागि सहयोग पु-याउन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पिडित महिला बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाको प्रभावका कारण मानसिक रोगी भई सडकमा आएको प्रमाणित भएमा त्यस्ता व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**७. रकम उपलब्ध गराउने :** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिको बैठकको निर्णय सहित पेश भएका कागजातका अधारमा कोषबाट रकम निकाशा दिइनेछ ।

**८. सञ्चालक समितिको गठन :** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि देहाय बमोजिमको सञ्चालक समिति रहनेछ ।

(क) नगरपालिकाको उप प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक - सदस्य

(घ) कार्यपालीका सदस्य मध्ये २ जना महिला - सदस्य

(ङ) स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना -सदस्य

(च) सामाजिक विकास शाखा प्रमुख / महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य सचिव

(२) सञ्चालक समितिको वैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउन,

(ग) स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

**१० कोषको खाता संचालन:** प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतमा हुनेछ ।

**११. राहत तथा  आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार:** (१) यस कार्यविधि  बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिने,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा पाँच दिनको खाना  बास खर्च र उपचार खर्च समेत उपलब्ध गराउने,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि विउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढिमा वीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

**१२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा सञ्चालक समितिले नियम १० को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१३. तत्काल रकम उपलव्ध गराउन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु १००००। (रु. दश हजार मात्र) नबढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईए पछि बस्ने सञ्चालक समितिको वैठकमा सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१४. समितिवाट भए गरेको कामको अनुमोदन :** यस कार्यविधि बमोजिम समितिले गरेको सम्पुर्ण काम कारवाही कार्यपालिकाको वैठकवाट अनुमोदन गराउनु पर्नेछ ।

**१५. कार्यविधिमा संशोधन र व्याख्याः** यो कार्यविधिमा उल्लेख भएका विषयहरुमा थप व्याख्या र संशोधर र हेरफेर गर्नु परेमा कार्यपालिकावाट गर्न सकिनेछ ।

स्थानीय राजपत्र